# प्रेस विज्ञप्ति

मिति २०७३।१२।१२

**निर्वाचन आयोगले २०७४ बैशाख ३१ गते हुने स्थानीय तह निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्ने उद्देश्यले २०७३।१२।१२ मा देहायबमोजिमका विषयमा प्रेस विज्ञप्ति प्रकाशन गरिएकाले प्रकाशन तथा प्रसारणका अनुरोध गरिएको छ ।**

## १. मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सुरु

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत शनिबार देशका विभिन्न आठ स्थानमा 'मतदाता शिक्षा कार्यक्रमअन्तर्गत 'क्षेत्रीय प्रशिक्षक प्रशिक्षण' कार्यक्रम सुरु गरेको छ । आजैबाट सुरु भएको दुई दिने प्रशिक्षण कार्यक्रम विराटनगर, सिन्धुली, हेटौंडा, ललितपुर, पोखरा, बुटवल, नेपालगन्ज र धनगढी गरी आठ स्थानमा सञ्चालन भइरहेको छ । प्रशिक्षण कार्यक्रममा जिल्ला निर्वाचन अधिकारीहरु, सामुदायिक विद्यालयका सामाजिक शिक्षा अध्यापन गराउने माध्यमिक शिक्षक (महिला), जिल्ला शिक्षा कार्यालयका स्रोत व्यक्ति तथा जिल्ला समन्वय समितिका सामाजिक परिचालक गरी देशभरिका ३५४ जनालाई क्षेत्रीय प्रशिक्षक प्रशिक्षण दिने कार्यक्रम रहेको छ । क्षेत्रीयस्तरमा प्रशिक्षित भएका उक्त प्रशिक्षकहरुले ७४४ स्थानीय तहमा रहने अनुमानित २१ हजार मतदान केन्द्रमा खटिने मतदाता शिक्षा कार्यकर्तालाई जिल्लास्तरमा प्रशिक्षण दिने छन् । जिल्लास्तरमा प्रशिक्षित मतदाता शिक्षा कार्यकर्ताले एक महिनासम्म मतदाताको घर घरमा गएर मतदाता शिक्षा प्रदान गर्ने छन् ।

ललितपुरको गोदवारीमा आयोजित उक्त 'क्षेत्रीय प्रशिक्षक प्रशिक्षण' कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै माननीय निर्वाचन आयुक्त नरेन्द्र दाहालले संविधान जारी भएपछि नयाँ संरचनामा हुन लागेको स्थानीय तह निर्वाचनमा २१ हजार मतदान केन्द्रमा मतदान गर्न आउने मतदाताका घरघरमा मतदाता शिक्षा कार्यकर्ता पुग्ने बताउनुभयो । आयुक्त दाहालले मतदाता शिक्षा प्रदान गर्दा महिला, दलित, सीमान्तकृत समूहबाट हुने उम्मेदवारी छनौट, उम्मेदवारी दर्तादेखि मतदानसम्मका कार्यमा राम्ररी मतदाता शिक्षा दिन सक्नुपर्छ भन्नुभयो ।

सो अवसरमा माननीय निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौड्यालले नयाँ संरचनामा हुन लागेको स्थानीय तह निर्वाचनको मतदाता शिक्षा चुनौतीपूर्ण छ भन्दै कस्तो उम्मेदवार छनौट गर्ने, बदर मत कसरी घटाउने र महिला मतदाताहरुलाई उम्मेदवारी दर्तादेखि मतदान कार्यमा सहभागी हुन कसरी उत्प्रेरित गर्ने भन्ने बारेमा मतदाता शिक्षा कार्यकर्ताले राम्रोसँग सिकाउन सक्नुपर्ने बताउनुभयो ।

आयोगका सचिव गोपीनाथ मैनालीले मतदाता शिक्षालाई सबै नेपालीको घरआँगनमा पुऱ्याउनु जरुरी रहेकाले प्रशिक्षकको भूमिका महत्वपूर्ण हुन्छ भन्दै विकासप्रेमी नेतृत्वलाई प्राथमिकतामा राखी स्थानीय सरकारमा प्रतिनिधित्व गराउन मतदाता शिक्षा कार्यक्रम सफल हुनुपर्छ भन्नुभयो । आयोगका सहसचिव नवराज

ढकालले हरेक मतदान केन्द्रमा २१ हजार मतादाता शिक्षा कार्यकर्ताले ७४४ स्थानीय तहको छ हजार ६८० वडाका प्रत्येक घर घरमा पुगेर मतदाता शिक्षा दिने लक्ष्य रहेको बताउनुभयो ।

कार्यक्रममा ललितपुरका प्रमुख जिल्ला अधिकारी दीपक काफ्लेले प्रशिक्षण कार्यक्रमको सफलताको शुभकामना दिनुभयो । ललितपुर जिल्ला निर्वाचन अधिकारी सीता साम्बाले अतिथि तथा सहभागीहरुको स्वागत गर्नुभएको थियो । ललितपुरमा सञ्चालित प्रशिक्षणमा १२ जिल्लाका ६१ जना सहभागी छन् ।

## २. मतदाता नामावालीलाई लिएर भ्रममा नपर्न आग्रह

निर्वाचन आयोगको वेभसाइटमा संविधानसभा निर्वाचन २०७० को मतदाता नामावली रहेको छ । २०७० सालको संविधानसभाको निर्वाचनपछि निर्वाचन आयोगले लगातार रुपमा मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन गरिरहेको र सो कार्यक्रम २०७३ फागुन ९ गतेसम्म जारी रहेको अवगत नै छ । मतदाता दर्ताको कार्यक्रम ७५ वटै जिल्लाका निर्वाचन कार्यालयहरु, जिल्ला प्रशासन कार्यालयहरु, इलाका प्रशासन कार्यालयहरु तथा विभिन्न एकीकृत घुम्ती शिविरमा सञ्चालन गरेको थियो । साथै २०७३ कात्तिक २६ गतेबाट माघ मसान्तसम्म दुई चरणमा गरी प्रत्येक गाविसको केन्द्र तथा नगरपालिकाको प्रत्येक वडामा मतदाता दर्ता गर्नका लागि टोली खटाई मतदाता नामावली दर्ता गर्ने विशेष कार्यक्रमसमेत सञ्चालन गरिएको थियो ।

स्थानीय तहको निर्वाचन २०७४ बैशाख ३१ गते हुने भनी नेपाल सरकारले निर्वाचनको मिति घोषणा गरेको दिन २०७३ फागुन ९ गतेबाट मतदाता दर्ता गर्ने कार्य तथा नाम सारी गर्ने कार्य कानुन अनुसार निर्वाचन सम्पन्न नभएसम्मका लागि रोकिएको व्यहोरासमेत स्मरण गराउन चाहन्छु ।

आगामी २०७४ बैशाख ३१ गते हुने स्थानीय तह निर्वाचनका लागि उपरोक्त विभिन्न स्थानमा सञ्चालित विभिन्न कार्यक्रमबाट सङ्कलन भएका मतदाताहरुको नाम, ठेगाना हालको स्थानीय तह अनुसारको नयाँ ठेगाना अनुसार अद्यावधिक गर्ने, साना तिना त्रुटि हटाउने, दोहोरो नाम हटाउनेलगायत मतदाता नामावली परिष्कृत गर्ने कार्य आयोगमा हाल पनि सञ्चालन भइरहेको छ । आयोगबाट परिष्कृत भएपछि तयार हुने अन्तिम नामावली आयोगको वेभसाइटमा राखिने छ । तसर्थ परिष्कृत नभएको मतदाता नामावलीलाई लिएर केही सञ्चार माध्यममा नामावलीसम्बन्धी विभिन्न टीकाटिप्पणी भएको पाइएको हुँदा त्यसलाई लिएर भ्रममा नपर्नु हुन समस्त मतदातासँग निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ ।

मतदाताहरुको अन्तिम नामावली तयार भएपछि आयोगको वेभसाइटमा राखिने छ र वेभसाइटबाट जानकारी लिन सकिने छ ।

सूर्यप्रसाद शर्मा

सहसचिव एवं प्रवक्ता